आज मिति २०८९ साल वैशाख १४ गतेका दिन मकवानपुरगढी गाउँपालिका को अध्यक्ष श्री विदुर हुमागाईं ज्यूको अध्यक्षतामा कार्यपालिका को बैठक बसी देहायको उपस्थितिमा देहायको देहायको निर्णयहरु गरियो।

उपस्थिति

श्री विदुर हुमागाईं - अध्यक्ष

श्री हर्कमाया रुम्बा - उपाध्यक्ष

श्री अक्षत सिंलों - का.पा. सदस्य

श्री बखत सिं पाखिन - का.पा. सदस्य

श्री भागवत घिमिरे - का.पा. सदस्य

श्री राम प्रसाद तिमल्सिना " "

श्री जित बहादुर घिमिरे " "

श्री टिका प्रसाद दाहाल " "

श्री सूर्य बहादुर रुम्बा " "

श्री कुमार सिं घिसिङ " "

श्री सुरेन्द्र सुनार " "

श्री चिनीमायाँ लुङवा " " चिनी

श्री मञ्जु योन्जन " " मञ्जु

श्री बुद्धिमाया थोकत " " बुद्धि

श्री पातलीमायाँ गोले " "

Scanned with CamScanner

श्री निर्मला विश्वकर्मा – गा.पा. सदस्य  निर्मला

श्री भिम बहादुर परियार – सदस्य सचिव

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

मिति : २०७५।०१।१४ गते कार्यापालिका वैठक

वैठकको कार्यसुचि तथा प्रस्तावहरु

**प्रस्तावहरु**

१. हाल सम्म संचालन भएका योजनाहरुको समिक्षा सम्वन्धमा ।

२. जिल्ला समन्वय समितिबाट प्राप्त मजुवाखानी क्षेत्रको प्रतिवेदन सम्वन्धमा ।

३. पर्यटकिय क्षेहरुको पहिचान तथा वृस्तृत परियोजना प्रस्ताव तयारी सम्वन्धमा ।

४. सडक वोर्ड नेपालबाट प्राप्त बजेट कार्यान्वयनको लागि सडक छनौट सम्वन्धमा ।

५. कार्य सम्पन्नको क्रममा कम मूल्यांकन आएका योजनाहरुको भुक्तानी सम्वन्धमा ।

६. पुजीगत अनुसन्धान,परामर्श सेवा तथा तालिम गोष्ठि जस्ता कार्यमक्रम संचालन तथा कार्यान्वयन सम्वन्धमा ।

७. विधुत विस्तार शिर्षकमा विनियोजित बजेट कार्यान्वयन सम्वन्धमा ।

मकवानपुरगढी गाउँ कार्यपालिका, मकान्चुली, ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु

**निर्णय न. १**
प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आर्थिक वर्षको लागि गाउँसभाबाट विनियोजित बजेटबाट सम्झौता भै कार्यान्वयन भएका योजनाहरुको सम्वन्धमा सवै वडाबाट वडा अध्यक्ष ज्यूहरुबाट समिक्षा प्रस्तुत भयो । सो सम्वन्धमा वडा नं ५, ६ र ३ नं वडाको अधिकांश योजनाहरुको भुक्तानी भएको र अन्य बाँकी वडाको योजनाहरुको सम्वन्धमा कार्यन्वयन भै रहेको गत कार्यापालिका वैठकको निर्णय अनुसार सम्झौताको समय सिमा तथा भुक्तानी गर्ने समयावधिलाई ध्यानमा राखी कार्य सम्पन्न गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय न. २**
प्रस्ताव न. २ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका स्थित ओखरे चुनढुंगा खानी ( मजुवा खानी ) को सम्वन्धमा जिल्ला समन्वय समिति मकवानपुरको मिति २०७५।०१।०६ च.नं १२०७ को पत्र साथ प्राप्त मझुवा खानी अध्ययन प्रतिवेदन सम्वन्धमा आवश्यक अध्ययन तथा सुझाव संकलन गरि गाउँकार्यपालिकाको वैठकमा पेश गर्ने प्रयोजनको लागि देहा बमोजिमको विषयगत समितिलाई जिम्मेवारी दिई १५ दिन भित्र गाउपालिकामा राय सुझाव पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

वातावरण तथा विपद व्यवस्थापन समिति

संयोजक : श्री सुर्य वहादुर रुम्वा

सदस्य : श्री राम प्रसाद तिमल्सीना

सदस्य : श्री कुमार सिं घिसिङ

**निर्णय न. ३**
प्रस्ताव न. ३ माथि छलफलगर्दा यस मकवानपुरगढी गाउँपालिका विभिन्न स्थानमा रहेको पर्यटकिय क्षेत्रहरुको पहिचानको लागि गठित अध्ययन तथा राय सुझाव समितिले पेश गरको प्रतिवेदन तथा वैठकको निर्णय अनुसार देहाय अनुसारको पर्यटकिय क्षेत्रहरुको पहिचान गरियो । सो पहिचान गरिएको पर्यटकिय क्षेत्र,खानेपानी र पुलको चालु आर्थिक वर्षमा वृस्तृत परियोजना प्रस्ताव तयार गरि कार्यान्वयनमा ल्याउने र अन्य बाँकी पर्यटकिय क्षेत्र, खानेपी तथा पुलको हकमा आगामी आर्थिक वर्षको बजेटमा व्यवस्थापन गरि वृस्तृत परियोजना प्रस्ताव तयार गर्ने निर्णय गरियो ।

| क्र.सं | वडा नं | पर्यटकिय क्षेत्रको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | रानीबास पर्यटकीय क्षेत्र | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| २ | २ | ढुंगेगढी,भ्यूटावर तथा अनन्द पार्क | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| ३ | २ | मकवानपुरगढी दरबार पर्यटकिय क्षेत्र | **पहिले नै डिपिआर तयारी भएको ।** |
| ४ | २ | मकवानपुरगढी गढी (धरमपानी) ऐतिहासिक विजय पार्क | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| ५ | ३ | मक्रानढाँडा बालमैत्री ग्रिन पार्क निर्माण | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| ६ | ३ | मनकामना पशुमैत्र पार्क निर्माण | **आगामी आ.व.मा डिपिआर तयार गर्ने ।** |

प्रमुख प्रशासकीय अधिकृत

३नं.प्रदेश,नेपाल

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ७ | ४ | निसानडाँडा महादेव मंदिर पार्क निर्माण | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| ८ | ४ | मनकामना मन्दिर पर्यटकिय क्षेत्र विकास तथा पिकनिक स्थल | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| ९ | ४ | हेटौडा भ्यूटावर तथा मिनि पार्क निर्माण | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| १० | ४ | सहिद रुद्र बाटिका क्षेत्र विकास | **पहिले नै डिपिआर तयार भएको ।** |
| ११ | ५ | सहिद वासुदेव स्मृति वाटिका | **आगामी आ.व.मा डिपिआर तयार गर्ने ।** |
| १२ | ६ | हेलीग्राफ भ्यूटावर निर्माण | **आगामी आ.व.मा डिपिआर तयार गर्ने ।** |
| १३ | ७ | सुकौरा वौद्ध स्तुपा तथा शान्ती पार्क निर्माण | **आगामी आ.व.मा डिपिआर तयार गर्ने ।** |
| | ८ | ऋषेश्वर गुफा पर्यटकिय क्षेत्र | चालु आ.व.मा डिपिआर तयार गर्ने । |

| क्र.सं | वडा नं | खानेपानी तर्फ | कैफियत |
|---|---|---|---|
| १ | १ | रानीसेरा खानेपानी योजना | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| २ | ३ | काली खोला खनेपानी योजना | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| ३ | २ | गढी दरबार क्षेत्र खानेपी योजना | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| ४ | ४ | कालीखोला वुर्जाडाडा खानेपी योजना | चालु आ.व.मा डिपिआर तयार गर्ने । |
| **क्र.सं** | **वडा नं** | **पुल तर्फ** | **कैफियत** |
| १ | १ | मिनि पुल निर्माण वडा नं ३ र ६ जोड्ने | चालु आ.व.मा डिपिआर तयार गर्ने । |

**निर्णय न.४**

प्रस्ताव नं ४ माथि छलफल चालु आर्थिक वर्षमा मकवानपुरगढी गाउँपालिकाको लागि केन्द्रिय सरकार अन्तरगत सडक वोर्ड नेपाल बाट प्राप्त हुने रु. २,००,०००।-बजेटबाट पिप्ले शिखरकटेरी सडक मर्मत संभारको लागि छनौट गर्ने निर्णय गरियो ।

**निर्णय न.५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा विनियोजित बजेटबाट सम्झौता भै उपभोक्ता समितिबाट कार्यान्वयन भएका योजनाहरुको हकमा योजना सम्पन्न भै वडाबाट सिफारिस आई गाउँपालिकाको अनुगमन समितिले अनुगमन गरि प्राविधिक बाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त हुँदा देहायको प्रकृतिको योजनाहरको हकमा देहाय अनुसार भुक्तानी हुन फरफारक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको प्रकृति | मूल्यांकनको अवस्था | भुक्तानीको प्रकार |
|---|---|---|---|
| १ | सडक सरसफाई,नयाँ ट्याक ओपन तथा मर्मत संभार तर्फ | कम मूल्याकन प्रतिवेदन प्राप्त भएमा । | कामको आधारमा जति मूल्यांकन आउँछ सो रकम उभोक्ता समितिको निवेदन तथा मन्जुरीनामको आधारमा |

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर ३नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | | भुक्तानी दिने । |
| २ | भवन तथा संरचना निर्माण ,तथा खानेपानी योजना तर्फ | प्राविधिक लागत अनुमानको आधरमा सम्पन्न हुनु पर्नेमा सो सम्पन्न नभई अपुरोध योजनाको कम मूल्यांकन आएमा । | सम्पन्न भए पश्चात मात्र भुक्तानी दिने । |
| ३ | सामन खरिद गरि जडान तर्फ | लागत अनुमान अनुसार काम सम्पन्न नभई कम मूल्यांकन आएमा | काम सम्पन्न भए पश्चात मात्र भुक्तानी दिने । |
| ५ | सामन खरिद तर्फ | लागत अनुमान अनुसारको सामन खरिद नगरि कम मूल्यांकन आएमा । | लागत अनुमान अनुसारको सामन खरिद भै दाखिला भए पश्चात मात्र भुक्तानी दिने । |

**निर्णय न.६**

प्रस्ताव न. ६ माथि छलफलगर्दा मकवानपुरगढी गाउँपालिकाको चालु आर्थिक वर्षमा विनियोजित बजेटवाट खर्च हुने गरि तय भएको पुजीगत खर्च शिर्षक तथा चालु प्रकृतिका अध्ययन,अनुसन्धान तालिम तथा परामर्श सेवा समवन्धि कार्यहरु प्रचलित ऐन कानुन को परिधिभित्र रही सुचिकृत भएका संस्थाहरुवाट गर्न मिल्ने सोही अनुसार र वाह्य प्रतिस्पर्धावाट गर्न मिल्ने कार्यलाई सोही अनुसार कार्य गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न.७**

प्रस्ताव न. ७ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा विद्युत विस्तार शिर्षकमा विनियोजित वजेट रु. ३५,५०,०००।- बाट चालु आर्थिक वर्षमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ को नियम ८५ को उप नियम ५(क) अनुसार र उपनियम ६ को प्रावधान पुरा गरि उक्त बजेटको परिधिभित्र रही नेपाल विद्युत प्राधिकरण,शाखा कार्यालय हेटौडाबाट निर्धारित मूल्यसूचि माग गरि प्रक्रिया पुरागरी सोझै खरिद गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत